मिति: २०७९।०९।२७ , बैठक संख्या - ०७

आज मिति २०७९।०९।२७ गते बुधवारका दिन यस हिलिहाङ गाउँ कार्यपालिकाको कार्यालय, पंचमी पाँचथरका अध्यक्ष श्री समर बहादुर अधिकारीज्यूको अध्यक्षतामा तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा आ.व २०७९/८० को सातौ गाउँ कार्यपालिका बैठक द्वारा तल उल्लेखित प्रस्तावहरु माथि छलफल गरी देहायनुसारका निर्णयहरु पारित गरियो ।

**उपस्थिति :**

१. **अध्यक्ष** : श्री समर बहादुर अधिकारी ……………………………………………………………………

२. उपाध्यक्ष : श्री सुमित्रा उप्रेती सेढाई ……………………………………………………………………

३. वडा अध्यक्ष : श्री सन्तोष लिङ्देन ……………………………………………………………………

४. वडा अध्यक्ष : श्री भिम प्रसाद हेम्व्या ……………………………………………………………………

५. वडा अध्यक्ष : श्री बिरेन्द्र कुमार योङहाङ ……………………………………………………………………

६. वडा अध्यक्ष : श्री धनपति गिरी ……………………………………………………………………

७. वडा अध्यक्ष : श्री बिर्ख बहादुर सुहाङ ……………………………………………………………………

८. वडा अध्यक्ष : श्री गणेश प्रसाद योङहाङ ……………………………………………………………………

९. वडा अध्यक्ष : श्री धनकुमार लिम्बु ……………………………………………………………………

१०. कार्यपालिका सदस्य श्री सुष्मा लावती ……………………………………………………………………

११. कार्यपालिका सदस्य श्री बिष्णु कुमारी भट्टराई ……………………………………………………………………

१२. कार्यपालिका सदस्य श्री बिरेन्द्र मग्राती ……………………………………………………………………

१३. कार्यपालिका सदस्य श्री पुण्यप्रसाद राई ……………………………………………………………………

१४. कार्यपालिका सदस्य श्री निम्की भोटेनी भोटिया ……………………………………………………………………

१५. कार्यपालिका सदस्य श्री गंगामाया विश्वकर्मा ……………………………………………………………………

१६. **सदस्य सचिव** श्री बिक्रम लिम्बु ……………………………………………………………………

१७. कार्यालय सहयोगी श्री बजिन्द्र पुरी ……………………………………………………………………

मिति: २०७९।०९।२७ , बैठक संख्या - ०७

**प्रस्तावहरु:-**

१. आ.व. २०७८/७९ को संस्थागत क्षमता तथा स्वमूल्याङ्कन सम्बन्धमा।
२. अनुदानको सीमा तथा प्रतिशत निर्धारण सम्बन्धमा।
३. सडक बोर्ड नेपालको आ.व. २०७९/८० को बजेट स्विकृति सम्बन्धमा।
४. गाउँसभाको तेह्रौं (हिउँदे) अधिवेशन आव्हान सम्बन्धमा।
५. युवा स्वरोजगार विकास/युवा लक्षित कार्यक्रम कार्यविधि, २०७५ संशोधन सम्बन्धमा।
६. स्थानीय समन्वय समिति (LCC) गठन सम्बन्धमा।
७. भेरिएशन आदेश स्विकृति सम्बन्धमा।
८. विशेष अनुदानका लागि कार्यक्रम प्रस्ताव सम्बन्धमा।

मिति: २०७९।०९।२७ , बैठक संख्या - ०७

**निर्णय नं. - १**

स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ बमोजिम आ. व. २०७८/७९ को संस्थागत क्षमता तथा स्वमूल्याङ्कनको प्रारम्भिक एकीकृत नतिजा उपर सूचकगत रुपमा छलफल र विश्लेषण भई सम्बन्धित विषय क्षेत्रको देहायनुसारको यथार्थ अङ्कभार निर्धारण गरी कार्यपालिकाबाट अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपशिल**

| क्र स | स्वमूल्याङ्कनका विषयक्षेत्रहरु | यथार्थ अङ्कभार | कैफियत |
|---|---|---|---|
| १ | शासकीय प्रबन्ध | ८६.११ % | |
| २ | सङ्गठन तथा प्रशासन | ६८.७५ % | |
| ३ | वार्षिक बजेट तथा योजना व्यवस्थापन | ७५ % | |
| ४ | वित्तीय एवं आर्थिक व्यवस्थापन | ६५.९१ % | |
| ५ | सार्वजनिक सेवा प्रवाह | ७६.५६ % | |
| ६ | न्यायिक कार्यसम्पादन | ८२.१४ % | |
| ७ | भौतिक पूर्वाधार | ८०.७७ % | |
| ८ | सामाजिक समावेशीकरण | ५५ % | |
| ९ | वातावरण संरक्षण तथा विपद व्यवस्थापन | ७५ % | |
| १० | सहकार्य र समन्वय | ० % | |
| **क्र स** | **पक्ष** | **औसत अङ्क** | |
| १ | समग्र स्थिति | ६४.२९ % | |
| २ | प्रक्रियागत स्थिति | ६६.१८ % | |
| ३ | परिमाणात्मक स्थिति | ७४.४४ % | |
| | **जम्मा प्राप्ताङ्क** | **६९.५ %** | |

मिति: २०७९।०९।२७ , बैठक संख्या - ०७

**निर्णय नं. - २**

गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को स्विकृत वार्षिक कार्यक्रममा समावेश - "अति विपन्न, विपन्न परिवार लक्षित जिविकोपार्जन सम्बन्धी कार्यक्रमका लागि विनियोजित रकम रु १४,७५,०००/- को कार्यान्वयन सम्बन्धमा गाउँपालिका द्वारा स्विकृत "पशुपन्छी कार्यक्रम सञ्चालन तथा कार्यान्वयन कार्यविधि, २०७९" बमोजिम गर्ने साथै लाभग्राहीहरुलाई प्रदान गरिने अनुदान सहायताको सीमा प्रतिशत देहायनुसार कायम गर्ने सर्वसम्मत निर्णय गरियो।

**अनुदानको सीमा निर्धारण**

| क्षेत्र | लक्षित वर्ग | अनुदानको सिमा प्रतिशतमा | प्रति लाभग्राही अनुदान | कैफियत |
|---|---|---|---|---|
| बाख्रापालन | अति विपन्न/विपन्न परिवार | ८० प्रतिशत | रु ३०००० | प्रति वडा रु २,१०,७१४ (रु दुई लाख दश हजार सात सय चौध मात्र ) |
| कुखुरापालन | अति विपन्न/विपन्न परिवार | ७५ प्रतिशत | रु १५००० | |
| बङ्गुरपालन | अति विपन्न/विपन्न परिवार | ८० प्रतिशत | रु ३०००० | |
| कुल जम्मा | | | | |

**(पशुपन्छी कार्यक्रम सञ्चालन तथा कार्यान्वयन कार्यविधि को अनुसूची ६ बुंदा नं. ३ बमोजिम देहायनुसार हुने गरी कार्यान्वयन गरिनेछ ।)**

**बाख्रापालन क्षेत्रमा -** खोर निर्माण/सुधार, बाख्रापालन तालिम, उन्नत जातको बाख्रा/बोका वितरण, घाँसको वीउ/विरुवा वितरण, दाना प्रशोधन गर्ने मेशिन, आन्तरिक/बाह्यय परजिवि नियन्त्रण कार्यक्रम, खोप, वीमा कार्यक्रम, सुचना बोर्ड

**वंगुरपालन क्षेत्रमा** - खोर निर्माण/सुधार, व्यवसायिक वंगुरपालन तालिम, उन्नत जातको वंगुरको पाठी/वीर वितरण, आन्तरिक/बाह्यय परजिवि नियन्त्रण कार्यक्रम, खोप, वीमा कार्यक्रम, सुचना बोर्ड

**कुखुरापालन क्षेत्रमा** - खोर निर्माण/सुधार, व्यवसायिक कुखुरापालन तालिम, चल्ला वितरण, दाना, दाना/पानी खाने भाँडा वा कुटनी-पिसानी गर्ने मेशिन वितरण, रोग/परजिवि नियन्त्रण कार्यक्रम, खोप, वीमा कार्यक्रम, सुचना बोर्ड

सम्बन्धित प्रस्तावक/कृषकले संक्षिप्त कार्ययोजना सहित दिएको निवेदन अनुसार तथा सम्बन्धित वडा कार्यालयले माग गरे बमोजिम कार्यक्रम सञ्चालन गरिनेछ।

अत्ति विपन्न/विपन्न परिवारको परिभाषा - "अत्ति विपन्न, विपन्न वर्ग" भन्नाले आफ्नै उत्पादनले ३-४ महिना मात्र खान पुग्ने, ७ रोपनि भन्दा कम जग्गा भएको कृषक/उद्यमी सम्झनु पर्छ भनि उल्लेख गरिएकोले सो को प्रमाणीकरण सम्बन्धित वडा समितिले स्थलगत निरिक्षण पश्चात यकिन गरी सिफारिस साथ पठाउनु पर्नेछ।

मिति: २०७९।०९।२७ , बैठक संख्या - ०७

**निर्णय नं. - ३**

सडक बोर्ड नेपालको चं. नं. ६८६, मिति २०७९।०९।१३ गतेको प्राप्त पत्रानुसार यस गाउँपालिकालाई चालु आर्थिक वर्ष २०७९/८० मा स्थानीय सडक मर्मत संभार कार्यको लागि बजेट रु १४,००,००० (रु १४ लाख मात्र) स्विकृत भई प्राप्त भएकोले सडक बोर्ड नियमावली २०६० को नियम ९ बमोजिम व्यहोर्नुपर्ने समपुरक रकम (Matching Fund) रु ३,५०,००० ।- (रु ३ लाख ५० हजार मात्र) गाउँपालिकाको समपूरक कोषबाट समावेश गरि निम्न बमोजिमको सडक योजना कार्यान्वयन गर्न सहमतिको लागि पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

निम्न

| क्र स | प्रस्तावित सडक योजनाको नाम | क्षेत्र | बजेट |
|---|---|---|---|
| १ | सल्लेरी सुभाङ पञ्चमी अमरपुर सडक खण्ड मर्मत संभार | वडा नं. ७, ५, ३, ४, १ | १७,५०,०००/- |

मिति: २०७९।०९।२७ , बैठक संख्या - ०७

**निर्णय नं. - ४**

गाउँ सभा र नगर सभा संचालन कार्यविधि ऐन, २०७५ को दफा ३ बमोजिम सञ्चालन गरिने यस गाउँपालिकाको गाउँसभाको १३ औ (हिउँदे) अधिवेशनको आव्हान र अन्त्य तपशिल बमोजिमको कार्यसूची र समयतालिकामा रही सम्पन्न गर्ने सर्वसम्मत निर्णय गरियो ।

अनुसूची - १

(कार्यविधि ऐनको दफा १८ सँग सम्बन्धित)

हिलिहाङ गाउँपालिका

गाउँसभा

कार्यसूची र समयतालिका (प्रस्तावित)

बैठक संख्या : १ बैठक स्थान : सभाहल

अध्यक्षता : श्री समर बहादुर अधिकारी

| मिति | बैठक बस्ने समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| २०७९/१०/२७ | १०:०० बजे | बजेट संशोधन प्रस्ताव | उपाध्यक्ष | |
| | | शिक्षा सम्बन्धी विधेयक | सुष्मा लावती | |
| | | खेलकुद सम्बन्धी विधेयक | सुष्मा लावती | |
| | | न्यायिक समिति प्रतिवेदन पेश | उपाध्यक्ष | |
| | | सामाजिक विकास समिति प्रतिवेदन पेश | सुष्मा लावती | |
| | | आर्थिक विकास समिति प्रतिवेदन पेश | गंगामाया वि. क | |
| | | पूर्वाधार विकास समिति प्रतिवेदन पेश | पुण्य प्रसाद राई | |
| | | सुशासन समिति प्रतिवेदन पेश | बिष्णुमाया भट्टराई | |
| | | वन, वातावरण तथा विपद व्यवस्थापन समिति प्रतिवेदन पेश | बिरेन्द्र मग्राती | |
| | | | | |
| | | | | |

छलफलको समय तालिका

| मिति | बैठक बस्ने समय | कार्यसूची | प्रस्ताव प्रस्तुतकर्ताको नाम | छलफलमा बोल्ने सदस्यको नाम र तोकिएको समय |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

मिति: २०७९।०९।२७ , बैठक संख्या - ०७

**निर्णय नं - ५**

यस गाउँ कार्यपालिका द्वारा मिति २०७५/११/२८ गते पारित गरी प्रमाणीकरण भएको 'युवा स्वरोजगार विकास/युवा लक्षित कार्यक्रम कार्यविधि, २०७५' मा भएको कानुनी प्रावधानहरुमा केही अष्पस्टता देखिएकोले उक्त कार्यक्रम संचालन तथा कार्यान्वयन गर्न निम्नानुसार संशोधन गरी पारित गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल :

| क्र. स | खण्ड | संशोधन गर्नुपर्ने प्रावधान | निर्णय हुनुपर्ने व्यहोरा |
|---|---|---|---|
| १ | परिच्छेद ४ युवा लक्षित च्याउ तथा मौरी विकास कार्यक्रम संचालन विधि बुँदा नं. (छ) | ' भुक्तानी प्रकृयामा कार्यक्रम सम्पन्न भएपछि हिलिहाङ गाउँपालिका र कृषि विकास शाखा र सम्बन्धित वडा कार्यालयले अनुगमन गरे पश्चात एकमुष्ट रुपमा रकम भुक्तानी गरिनेछ ' । | यस खण्डमा कृषकको लागत रकमको कति प्रतिशत भुक्तानी गर्ने वा कति प्रतिशत अनुदान दिने उल्लेख नभएकोले यस कार्यक्रममा पनि ५०% अनुदान रकम वा कृषकको लागत रकमको ५० % भुक्तानी गर्ने व्यवस्था मिलाउने । |
| २ | परिच्छेद ७ युवा लक्षित विशेष पशु उत्पादन (डेरी) कार्यक्रम संचालन विधि बुँदा नं (च) | ' प्रस्ताव आह्वानमा फार्म/समूह/समिति/सहकारी आवद्ध कृषकहरुबाट सहकार्यमा व्यवसायिक बाख्रा फार्म स्थापना वा सुदृढीकरणका लागि प्रस्ताव आव्हान गरिनेछ ' | यस कार्यक्रममा सम्पूर्ण कुराहरु डेरी सम्बन्धित उल्लेख भएको कारण प्रस्ताव आव्हान गर्दा डेरी व्यवस्थापन सम्बन्धित पूर्वाधार निर्माण/सुधार, यान्त्रीकरणका लागि आवश्यक मेशिन उपकरण खरिद, ढुवानी र व्यवस्थापनमा प्रस्ताव आव्हान गर्ने । |
| ३ | परिच्छेद ७ युवा लक्षित विशेष पशु उत्पादन (डेरी) कार्यक्रम संचालन विधि बुँदा नं (झ) | ' छनौट भएका व्यवसायीले कार्यसम्पन्न गरेपश्चात हिलिहाङ गाउँपालिका, सम्बन्धित वडा कार्यालय तथा पशुपंछी विकास शाखाले अनुगमन गरे पश्चात फार्म/समूह/समिति/सहकारीलाई अनुदान रकम उपलब्ध गराइनेछ ' ।<br>यस कार्यक्रममा कृषकहरुलाई कति प्रतिशत अनुदान दिने भनि उल्लेख गरिएको छैन । | यस कार्यक्रमका लागि पनि ५० % अनुदान रकमको व्यवस्था गरिनेछ । |
| ४ | परिच्छेद ९ युवा लक्षित व्यवसायिक कुखुरा पालन प्रवर्द्धन कार्यक्रम संचालन विधि बुँदा नं. (ञ) | ' छनौट भएका व्यवसायीले कार्यसम्पन्न गरे पश्चात हिलिहाङ गाउँपालिका, सम्बन्धित वडा कार्यालय तथा पशुपन्छी विकास शाखाले अनुगमन गरेपश्चात फार्म/समूह/समिति/सहकारीलाई अनुदान रकम उपलब्ध गराइनेछ '<br>यस कार्यक्रममा कृषकहरुलाई कति प्रतिशत अनुदान दिने भन्ने उल्लेख गरिएको छैन । | यस कार्यक्रमका लागि पनि ५० % अनुदान रकमको व्यवस्था गरिनेछ । |

मिति: २०७९।०९।२७ , बैठक संख्या - ०७

**निर्णय नं. - ६**

कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गतको ग्रामीण उधम तथा आर्थिक विकास आयोजना आर्थिक कोरिडोर कार्यालय पाख्रीबास धनकुटाको चं. नं. ८३, मिति २०७९/०८/११ गतेको पत्र मार्फत जानकारी भएबमोजिम आयोजना लागू भएका प्रत्येक स्थानीय तहमा गठन गर्नुपर्ने स्थानीय समन्वय समिति (LCC) प्रोजेक्ट ईम्प्लिमेन्टेशन म्यानुअल मा तोकिए बमोजिम देहायनुसार गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपशिल

**परिमार्जित स्थानीय समन्वय समितिको संरचना**

| क्र स | पद | नाम, थर | भूमिका |
|---|---|---|---|
| १ | गाउँपालिका अध्यक्ष | श्री समर बहादुर अधिकारी | अध्यक्ष |
| २ | प्रमुख प्रशासकीय अधिकृत | श्री बिक्रम लिम्बु | सदस्य |
| ३ | कृषि प्राविधिक प्रतिनिधि कृषि अधिकृत | श्री हेमराज पन्त | सदस्य |
| ४ | पशु प्राविधिक प्रतिनिधि भेटनरी डा. | श्री समिक्षा फुयाल | सदस्य |
| ५ | स्थानीय तहले तोकेको महिला कृषि उधमी - हिलिहाङ ६ | श्री चन्द्रकुमारी अधिकारी | सदस्य |
| ६ | स्थानीय तहले तोकेको स्थानीय कृषि सहकारीका अध्यक्ष - श्री पञ्चमी कृषि बहुउधेश्यीय सहकारी हिलिहाङ ३ र ४ | श्री रुद्र भण्डारी | सदस्य |
| ७ | स्थानीय तहले तोकेको स्थानीय कृषि समूहका अध्यक्ष - श्री जुझारु बहुउधेश्यीय कृषि समूह, हिलिहाङ ५ | श्री मनकुमारी आङ्देम्बे | सदस्य |
| ८ | आर्थिक कोरिडोर कार्यालयको प्रमुखले तोकेको कृषि अधिकृत | श्री | सदस्य सचिव |

मिति: २०७९।०९।२७ , बैठक संख्या - ०७

**निर्णय नं. - ७**

यस कार्यालयको आ.व. २०७९/८० को स्विकृत वार्षिक आयोजना - (गाउँपालिकाको अस्थायी भवन निर्माण) कार्यान्वयनका लागि आह्वान भएको ठेक्का नं HRM/NCB/WORK/01/079-80 Construction of HRM Trussed Building निर्माण खरिदका लागि सम्झोता गरिएको निर्माण कम्पनी श्री अमर निर्माण सेवाले दिएको निवेदन तथा ईन्जिनियर श्री हिमाल पुरीले पेश गरेको स्थलगत प्रतिवेदन (भेरिएशन परिमाणको प्राविधिक पुष्ट्याई र कारण) समेतको आधारमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ बमोजिम सो भेरिएशन आदेश स्विकृत गर्ने सर्वसम्मत निर्णय गरियो।

**भेरिएशन आदेश जारी गर्नुपर्नाका कारण** : उक्त भवन निर्माण खरिदका लागि सम्झौता भएको अमर निर्माण कम्पनीलाई प्रदान गरिएको इस्टिमेटमा भवन निर्माणका लागि आवश्यक Stone work - 16.63$m^3$/ RCC Work (Plinth beam, sill band and lintel band) र Form Work - 57.20 व.मि को काम अपुग देखिएकोले ठेक्का सम्झौता रकमको 11.17% भेरिएशन आदेश जारी गर्नुपर्ने देखिन्छ।

**निर्णय नं. - ८**

विशेष अनुदान सम्बन्धी (तेस्रो संशोधन) कार्यविधि, २०७७ बमोजिम आगामी आ. व. २०८०/८१ का लागि यस स्थानीय तहमा संघीय विशेष अनुदान अन्तर्गत निम्नानुसारको आयोजनाहरु सञ्चालन गर्न प्रस्ताव पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

निम्न

| क्र.स | आयोजना/कार्यक्रमको नाम | मुलभूत क्षेत्र | कुल लागत | आयोजना अवधि |
|---|---|---|---|---|
| १. | विपद जोखिम न्यूनिकरण कार्यक्रम | विपद व्यवस्थापन | २५०००००० | २ वर्ष |
| २. | अपाङ्गता भएका व्यक्तिहरु तथा परिवारका सदस्यहरुको लागि सीपमुलक तालिम र व्यवसाय स्थापनाको लागि प्रविधि हस्तान्तरण कार्यक्रम | समावेशीकरण तथा मुल प्रवाहिकरण | ८२५०००० | १ वर्ष |

**निर्णय नं. - ९**

'घ' वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धी कार्यविधि २०७५ को दफा २ बमोजिम जाँचबुझ समितिले पेश गरेको प्रतिवेदन समेतका आधारमा निवेदक श्री लिङ्देन कन्स्ट्रक्शन कन्ट्राक्टिङ म्यानुफ्याक्चरिङ एण्ड सप्लाईङ कम्पनी, हिलिहाङ ३ गोपेटार लाई 'घ' वर्गको निर्माण व्यवसायको ईजाजत पत्र प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो।